"मीठे बच्चे– विकर्महरूबाट बच्नको लागि घरी-घरी अशरीरी बन्ने प्राक्टिस गर, यस प्राक्टिसले नै मायाजित बनाउँछ, स्थायी योग जुटिरहन्छ।"

प्रश्नः– कुनचाहिँ निश्चय यदि पक्का भयो भने योग टुट्न सक्दैन?

उत्तरः– सत्ययुग त्रेतामा हामी पावन थियौं, द्वापर कलियुगमा पतित बन्यौं, अब फेरि हामी पावन बन्नु छ। यो निश्चय पक्का भयो भने योग टुट्न सक्दैन। मायाले हार खुवाउन सक्दैन।

गीतः– जो पिया के साथ है...

ओम् शान्ति। प्यारा बच्चाहरूले यस गीतको अर्थ बुझिसकेका छौ। त्यस बर्सातको त कुरा होइन। ती जुन सागर वा नदीहरू छन्, त्यो कुरा होइन। यो हो ज्ञान सागर, उहाँ आएर ज्ञान बर्सात बर्साउनु हुन्छ, अनि अज्ञान अन्धकार मेटिन्छ। यो कसले बुझ्दछन्? जसले आफूलाई प्रजापिता ब्रह्माकुमार-कुमारी सम्झिन्छन्। बच्चाहरूलाई थाहा छ– हाम्रो बाबा शिव हुनुहुन्छ, उहाँ हुनुभयो हामी सबै बी.के.को दादा, त्यो पनि निराकार। तिमीले निश्चय गर्छौ हामी प्रजापिता ब्रह्माकुमार-कुमारी हौं, फेरि त यो बिर्सिने कुरा नै छैन। सबै बच्चाहरू पियाको साथमा छन्। यस्तो होइन, केवल तिमीहरू मात्र छौ, मुरली त सबैले सुन्छन्। बच्चाहरूको लागि नै ज्ञान बर्सात छ, जुन ज्ञानद्वारा घोर अन्धकारको विनाश हुन्छ। तिमीलाई थाहा छ– हामी घोर अन्धकारमा थियौं, अहिले प्रकाश मिलेको छ, त्यसैले सबै बुझ्दै गइरहेका छौं। परमपिता परमात्माको जीवनीलाई तिमीले जान्दछौ। जसले शिवबाबाको जीवनीलाई जानेका छैनौ, उनले हात उठाऊ? सबैले जानेका छौ परमात्माको जीवन कथा। त्यो पनि एक जन्मको होइन। शिवबाबाको कति जन्मको जीवन कथा छ? तिमीलाई थाहा छ, बुझेका छौ– शिवबाबाको यस ड्रामामा के पार्ट छ। आदि देखि अन्त्यसम्म उहाँ र उहाँको जीवनीलाई जान्दछौ। वास्तवमा भक्ति मार्गमा जसले जुन भावनाले भक्ति गर्छन्, त्यसको फल मैले दिनु पर्छ। त्यो चैतन्य त होइन, साक्षात्कार मैले नै गराउँछु। तिमीलाई थाहा छ– आधाकल्प भक्ति मार्ग चल्छ। भक्तिको मनोकामना पूरा भयो, अहिले फेरि बच्चा बनेका छौ, त्यसैले अवश्य वर्सा मिल्छ। पिताले बच्चाहरूलाई वर्सा दिन्छन्, यो काइदा हुन्छ। तिम्रो अहिले सद्गतितिर मुख छ। तिमीले मूलवतन, सूक्ष्मवतन, स्थूल वतनलाई जान्दछौ। को को यस बेहद ड्रामामा मुख्य एक्टरहरू हुन्? रचयिता र फेरि डाइरेक्टर। रचयिता अनि गर्नेगराउनेवाला हुनुहुन्छ। डाइरेक्शन दिनुहुन्छ नि। पढाउनु पनि हुन्छ। भन्नुहुन्छ– म तिमीलाई राजयोग सिकाउन आएको हुँ। यो पनि कर्म नै भयो नि र गराउनु पनि हुन्छ। आधाकल्प तिमी मायाको वश भएर असत्य कर्तव्य गर्दै आयौ। यो हो हार-जीतको खेल। मायाले तिमीबाट असत् कर्तव्य गराउँदै आएको छ। असत् कर्तव्य गराउनेलाई भगवान कसरी भन्न सकिन्छ? भगवानले भन्नुहुन्छ– म त एउटै हुँ, सबैलाई सत् कर्म गर्न सिकाउँछु। अहिले सबैको कयामतको समय हो। सबैलाई कब्रबाट जगाउनु छ। अहिले सबै कब्रदाखिल छन्। बाबा आएर जगाउनुहुन्छ। मृत्यु सामुन्ने खडा छ। शिवबाबाले ब्रह्मा तनद्वारा हामीलाई सबै सम्झाइरहनु भएको छ। तिमीले सबैको जीवनी, शिवबाबाको पनि जीवनी जानेका छौ। त्यसैले उच्च ठहरियौ नि। जो शास्त्र धेरै अध्ययन गर्नेहरू हुन्छन्, उनको अघि नजान्नेहरूले ढोग्छन्। तिमीले ढोग्नु पर्दैन। छ बिल्कुलै सहज कुरा। बच्चाहरूले बुझेका छौ– हामी मूलवतन, शान्तिधामको निवासी बन्छौं, फेरि सुखधाममा आउँछौं। अहिले हामी प्रजापिता ब्रह्माकुमार कुमारी हौं। शिवबाबाका हामी नाति-नातिना हौं। शिवबाबालाई याद गर्नाले हामीलाई सुखको वर्सा मिल्छ। तिमी बच्चाहरूलाई निश्चय छ– हामी पवित्र थियौं, फेरि पतित बन्यौं अब फेरि हामी पावन बन्नु छ। यदि निश्चय भएन भने योग पनि लाग्दैन, पद पनि पाउन सकिदैन। पवित्र जीवन त राम्रो हो नि। कुमारीहरूको धेरै मान छ किनकि यतिबेला तिमी कुमारीहरूले धेरै सेवा गर्छौ नि। अहिले तिमी पवित्र रहन्छौ। अहिलेको पवित्रता भक्ति मार्गमा पुजिन्छ। यो दुनियाँ त धेरै गन्दा छ, कीचकको कहानी छ नि। मनुष्य धेरै गन्दा विचार राखेर आउँछन्, तिनलाई कीचक भनिन्छ। त्यसैले बाबा भन्नुहुन्छ– धेरै सम्हाल राख्नु छ। यो धेरै गन्दा काँडाको दुनियाँ हो। तिमीलाई त धेरै खुशी हुनुपर्छ। हामी शान्तिधाममा गएर फेरि सुखधाममा आउँछौं। हामी सुखधामको मालिक थियौं, फेरि चक्कर लगाएका छौं। यो त निश्चय हुनुपर्छ नि। अशरीरी बन्ने बानी बसाल्नु पर्छ, नत्र मायाले खाइरहन्छ, योग टुटिरहन्छ, विकर्म विनाश हुँदैन। कति मेहनत गर्नुपर्छ, यादमा रहने। यादद्वारा नै एवर-हेल्दी बन्छौ। जति हुन सक्छ अशरीरी बनेर बाबालाई याद गर। हामी आत्माहरूलाई बाबा

परमपिता परमात्माले पढाइरहनु भएको छ। कल्प-कल्प पढाउनुहुन्छ, राज्य-भाग्य दिनुहुन्छ। तिमीले योगबलद्वारा आफ्नो राजधानी स्थापना गर्छौ। राजाले राज्य गर्छन्, सेनाले राज्यको लागि लड्छन्। यहाँ तिमीले आफ्नो लागि मेहनत गर्छौ, बाबाको लागि होइन। मैले त राज्य नै गर्दिनँ। मैले तिमीलाई राज्य दिलाउनको लागि युक्ति बताउँछु। तिमीहरू सबै वानप्रस्थी हौ, सबैको मृत्यु सामुन्ने छ। साना-ठूला कसैको हिसाब छैन। यस्तो नसम्झ सानो बच्चालाई उसको पिताको वर्सा मिल्छ। यो दुनियाँ नै रहँदैन, जसले वर्सा पाउन सक्छ। मनुष्य त घोर अन्धकारमा छन्। खुब पैसा कमाउने इच्छा राख्छन्, सम्झन्छन्– हाम्रा नाति-नातिनाहरूले खान्छन्। तर यो कामना कसैको पूर्ण हुँदैन। यो सबै माटोमा मिल्नेछ। यो दुनियाँ नै खतम हुनु छ। एउटै बमले सबै खतम भएर जान्छ। निकाल्नेवालो कोही हुँदैन। अहिले त सुन आदिका खानीहरू बिल्कुलै खाली भएका छन्। नयाँ दुनियाँमा ती फेरि सबै भरिन्छन्। त्यहाँ नयाँ दुनियाँमा सबैथोक नयाँ मिल्छ। अब ड्रामाको चक्र पूरा हुन्छ, फेरि सुरु हुन्छ। यो ज्ञानको प्रकाश मिलेको छ। गायन गर्छन् ज्ञान सूर्य प्रकटा, अज्ञान अँध्यारो विनाश। त्यस सूर्यको कुरा होइन। मनुष्यले सूर्यलाई पानी चढाउँछन्। वास्तवमा सूर्यले त पानी पुर्याउँछ सारा दुनियाँलाई। उनलाई फेरि पानी दिन्छन्, आश्चर्य छ भक्तिको। फेरि भन्छन्– सूर्य देवताए नमः, चन्द्रमा देवताए नमः। ती फेरि देवता कसरी बने? यहाँ त मनुष्य असुरबाट देवता बन्छन्। त्यसलाई देवता भन्न सकिदैन। ती त सूर्य, चन्द्रमा, सितारा हुन्। सूर्यको पनि झण्डा लगाउँछन्। जापानमा सूर्यवंशी भन्छन्। वास्तवमा ज्ञान सूर्यवंशी त सबै हुन्। तर ज्ञान छैन, अब कहाँ त्यो सूर्य, कहाँ यो ज्ञान सूर्य। यहाँ पनि यी वैज्ञानिकले आविष्कार निकाल्छन्, फेरि पनि नतीजा के हुन्छ! केही पनि छैन। विनाश त भयो कि भयो। सेन्सीबुल जो छन्, उनीहरूले सम्झन्छन्– यस साइन्सबाट आफ्नै विनाश गर्छन्। उनीहरूको छ साइन्स, तिम्रो छ साइलेन्स। उनीहरूले साइन्सद्वारा विनाश गर्छन्, तिमीले साइलेन्सद्वारा स्वर्गको स्थापना गर्छौ। अहिले त नर्कमा सबैको बेडा डुबेको छ। त्यसतर्फ ती सेनाहरू छन्, यसतर्फ तिमी योगबलवाला सेना छौ। तिमी उद्धार गर्नेवाला हौ। कति ठूलो जिम्मेवारी तिमीमाथि छ, त्यसैले पूरा सहयोगी बन्नुपर्छ। यो पुरानो दुनियाँ खतम भएर जान्छ। अहिले तिमीले ड्रामालाई बुझेका छौ। अहिले संगमको समय हो। बाबा बेडा पार गर्न आउनु भएको छ। तिमीले बुझेका छौ– राजधानी पूरा स्थापना हुन्छ फेरि विनाश हुन्छ। बीच-बीचमा रिहर्सल भइरहन्छ। लडाइँ त धेरै भइरहन्छन्। यो हो नै फोहोरी दुनियाँ। तिमीलाई थाहा छ– बाबाले हामीलाई सुन्दर दुनियाँमा लैजानुहुन्छ। यो पुरानो चोला उतार्नु छ। फेरि नयाँ चोला धारण गर्नु छ। यो त बाबाले ग्यारेन्टी गर्नुहुन्छ– मैले कल्प-कल्प सबैलाई लिएर जान्छु, त्यसैले मेरो नाम कालको पनि काल महाकाल राखेका छन्। पतित-पावन, रहमदिल पनि भनिन्छ।

तिमीलाई थाहा छ– हामीले स्वर्गमा जाने पुरुषार्थ गरिरहेका छौं, श्रीमतद्वारा। बाबा भन्नुहुन्छ– मलाई याद गर्यौ भने म तिमीलाई स्वर्गमा पठाइदिन्छु, साथसाथै शरीर निर्वाह पनि गर। कर्म बिना त कोही रहन सक्दैन। कर्म संन्यास त हुँदैन। स्नान आदि गर्नु, यो पनि कर्म हो नि। अन्तिममा सबैले पूरा ज्ञान लिन्छन्, सम्झन्छन्– यिनले जे भन्छन्, शिवबाबा पढाउनुहुन्छ, यो ठीक हो। निराकार भगवानुवाच– उहाँ त एउटै हुनुहुन्छ। त्यसैले बाबाले भनिरहनु हुन्छ– सबैसँग सोध, निराकार शिवसँग तपाईंको के सम्बन्ध छ? सबै भाइ-भाइ हुन् भने भाइ-भाइका पिता त हुनुपर्छ नि। नत्र कहाँबाट आउने? गायन पनि छ– तिमी माता-पिता...। यो हो बाबाको महिमा, बाबा भन्नुहुन्छ– मैले नै तिमीलाई सिकाउँछु। तिमी फेरि विश्वको मालिक बन्छौ। यहाँ बस्दा पनि शिवबाबालाई याद गर्नु छ। यी आँखाले त शरीरलाई देखिन्छ, बुद्धिद्वारा जानिन्छ– हामीलाई पढाउनेवाला शिवबाबा हुनुहुन्छ। जो बाबाको साथमा छन्, उनको लागि नै यो राजयोग र ज्ञानको बर्सात छ। पतितहरूलाई पावन बनाउनु– यो बाबाको काम हो। यो ज्ञान सागर उहाँ नै हुनुहुन्छ, तिमीलाई थाहा छ– हामी शिवबाबाका नाति-नातिना, ब्रह्माका बच्चा हौं। ब्रह्माको पिता हुनुहुन्छ शिव, वर्सा शिवबाबाबाट मिल्छ। याद पनि उहाँलाई गर्नु छ। अब हामी जानु छ विष्णुपुरी। यहाँबाट तिम्रो लंगर उठिसकेको छ। शूद्रहरूको नाउ खडा छ। तिम्रो नाउ चलिरहेको छ। अब तिमी सीधा घर जान्छौ। पुरानो कपडा सबै छोडेर जानु छ। अब यो नाटक पूरा हुन्छ, अब कपडा खोलेर जानेछौ घर। अच्छा!

मीठे-मीठे सिकीलधे बच्चाहरूप्रति माता-पिता बापदादाको याद-प्यार एवं गुडमर्निङ्ग। रूहानी बाबाको रूहानी बच्चाहरूलाई नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

धारणाको लागि मुख्य सारः–

१) कुनै पनि असत् कर्म गर्नु छैन, मृत्यु सामुन्ने खडा छ। अहिले कयामतको समय हो। त्यसैले सबैलाई कब्रबाट

जगाउनु छ। पावन बन्ने र बनाउने सेवा गर्नु छ।

२) यस फोहोरी दुनियाँमा कुनै पनि कामना राख्नु हुँदैन। सबैको डुबेको बेडालाई पार लगाउन बाबाको पूरा सहयोगी बन्नु छ।

वरदानः– योगको प्रयोगद्वारा हर खजानालाई बढाउने, सफल तपस्वी भव

बाबाद्वारा प्राप्त भएका सबै खजानाहरूमा योगको प्रयोग गर। खजानाको खर्च कम होस् र प्राप्ति अधिक होस्– यही हो प्रयोग। जस्तै समय र संकल्प श्रेष्ठ खजाना हुन्। संकल्पको खर्च कम होस् तर प्राप्ति ज्यादा होस्। जुन काम साधारण व्यक्तिले दुई चार मिनेट सोचेर सफलता प्राप्त गर्छन्, त्यही तिमीले एक दुई सेकण्डमा गर। कम समय, कम संकल्पमा रिजल्ट ज्यादा होस्, अनि भनिन्छ– योगको प्रयोग गर्ने सफल तपस्वी।

स्लोगनः– आफ्नो आदि अनादि संस्कार स्वभावलाई स्मृतिमा राखेर सदा अचल बन।

मातेश्वरीजीका अनमोल महावाक्यः–

कांटों की दुनिया से ले चलो फूलों की छांव में, अब यो बोलावट केवल परमात्माको लागि गरिरहेका छन्। मनुष्य अति दुःखी हुन्छन् अनि परमात्मालाई याद गर्छन्– हे परमात्मा! यस काँडाको दुनियाँदेखि लिएर जानुहोस् फुलको छहारीमा। यसबाट सिद्ध हुन्छ– अवश्य त्यस्तो पनि कुनै दुनियाँ छ। तर यो त सबै मनुष्यलाई थाहा छ– अहिलेको जुन संसार छ त्यो काँडाले भरिएको छ, जसले गर्दा मनुष्यले दुःख र सुख अनि अशान्ति पाइरहेका छन्, याद फेरि फुलको दुनियाँलाई गर्छन्। त्यसैले त्यो दुनियाँ पनि अवश्य हुनुपर्छ, जुन दुनियाँको संस्कार आत्मामा भरिएको छ। तर यो त हामीले बुझेका छौं– दुःख अशान्ति यो सबै कर्मबन्धनको हिसाब किताब हो। राजा देखि लिएर रङ्कसम्म हरेक मनुष्य मात्र यस हिसाबमा पूरा जकडिएको छ त्यसैले परमात्माले त स्वयं भन्नुहुन्छ– अहिलेको संसार कलियुग हो, यो सारा कर्मबन्धनको बनेको छ र भविष्यको संसार सत्ययुग थियो जसलाई फूलको दुनियाँ भनिन्छ। तर त्यो हो कर्मबनधनदेखि रहित जीवनमुक्त देवी देवताहरूको राज्य जुन अहिले छैन। अब यो जुन हामीले जीवनमुक्त भन्छौं, यसको मतलब यो होइन– हामी कुनै देहदेखि मुक्त थियौं, उनीहरूलाई कुनै देहको भान थिएन। तर उनीहरू देहमा भएर पनि दुःख पाउँदैनथे अर्थात् त्यहाँ कुनै कर्मबन्धनको मामला हुँदैन। उनीहरूले जीवन लिँदा, जीवन छोड्दा आदि, मध्य, अन्त्य सुख पाउँथे। त्यसैले जीवनमुक्तिको मतलब हो जीवन छँदै कर्मातीत। तर यो सारा दुनियाँ ५ विकारहरूमा पूरा जकडिएको छ, मानौं ५ विकारहरूको पूरा पूरा वास छ, तर मनुष्यमा त्यति तागत छैन जसले यी ५ भूतलाई जित्न सकुन्, तब मात्र परमात्मा स्वयं आएर हामीलाई ५ भूतबाट छुटाउनुहुन्छ र भविष्य प्रारब्ध देवी देवता पद प्राप्त गराउनुहुन्छ। अच्छा, ओम् शान्ति।